(सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५(३) तथा सूचनाको हक सम्बन्धी नियमावलि, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको)

रामप्रसादराई गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
वैकुण्ठे, भोजपुर
कोशी प्रदेश, नेपाल

# २०८० साल मंसिर ०१ गते देखी २०८० माघ मसान्त सम्म सम्पादित प्रमुख क्रियाकलापहरु

(स्वात: प्रकाशन)

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी

## रामप्रसादराई गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
## वैकुण्ठे, भोजपुर


**Website:** www.ramprasadraimun.gov.np

ईमेल: ramprasadrai.rm@gmail.com


२०८० माघ १२ गते

रामप्रसादराई गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बैकुण्ठे, भोजपुर
कोशी प्रदेश, नेपाल

## १. निकायको स्वारुप र प्रकृती।

कोशी प्रदेश अन्तर्गत भोजपुर जिल्लको ९ वटा स्थानीय तहहरुमध्ये रामप्रसादराई गाउँपालिका एक हो। भोजपुर जिल्लाको दक्षिण- पश्चिम भू-भागमा अवस्थित यस स्थानीय तहको नामाकरण वि. सं. २००७ सालको प्रजातान्त्रिक योद्धा राम प्रसाद राईको नामबाट गरिएको छ। भोजपुर नगरपालिकादेखि दक्षिण, पौवादुङमा गाउँपालिकादेखि पश्चम, हतुवागढी र आमचोक गाउँपालिकादेखि उत्तर र खोटाङ्ग जिल्लादेखि पूर्वमा अवस्थित यस गाउँपालिका १५६.२५ वर्ग कि.मि. क्षेत्रफलमा फैलियएको छ। साविक केन्द्रीय तथ्याङ्क विभागको पछिल्लो जनगणना अनुसार यस गाउँपालिकमा जम्मा घरधुरी संख्या ३७०९ रहेको छ भने पुरुष संख्या ७७३४ र महिला ७९३९ गरी जम्मा जनसंख्या १५६७३ रहेको छ (श्रोतः राष्ट्रिय तथ्याङ्क कार्यालय, २०७८)।

यस गाउँपालिका अन्तर्गत जम्मा ८ वडाहरुमा रहेका छन्। वडा कार्यालयहरुमा क्रमशः १ नं. वडा कार्यालय ओखे, २ नं. वडा कार्यालय धोद्लेखानी, ३ नं. वडा कार्यालय भुल्के, ४ नं. वडा कार्यालय दलगाउँ, ५ नं. वडा कार्यालय मानेभञ्ज्याङ्ग, ६ नं. वडा कार्यालय बैकुण्ठे, ७ नं. वडा कार्यालय बासिखोरा र ८ नं. वडा कार्यालय खोक्सिक रहेका छन्। १ नं. देखि ६ नं. सम्मका वडाहरु साविकका सोही नामका गाउँविकास समितिहरु हुन भने साविकको बासिखोरा गा.वि.स. लाई विभाजन गरी २ वटा वडाहरु (७ र ८) मा विभाजन गरिएको हो। नेपालको कुल क्षेत्रफल १४७१८१ वर्ग कि.मि. मध्ये यस गाउँपालिकाले ०.११ प्रतिशत, कोशी प्रदेशको कुल क्षेत्रफल २५९०५ वर्ग कि.मि. मध्ये ०.६१ प्रतिशत, भोजपुर जिल्लाको कुल क्षेत्रफल १५०७ वर्ग कि.मि. मध्ये १०.३८ प्रतिशत ओगटेको छ। यस गाउँपालिकाको भौगोलिक विविधताले गर्दा यहाँको हावापानी र बनस्पतीमा पनि विविधता पाइन्छ। यस अधिकतम तापक्रम ३२.२° से. र न्यूनतम तापक्रम ०.१०° से. र वार्षिक वर्षा १००५.९ मि.मि. देखि २१२३ मि.मि. सम्म हुने गरेको पाइन्छ भने सापेक्षित आद्रता वर्षायाममा ९० प्रतिशत र हिउँद याममा ५० प्रतिशत देखि ७० प्रतिशतसम्म पाइएको छ। यहाँको औषत वार्षिक वर्षा १२०८ मि.मि. रहेको छ। राज्यको पुनसंरचना अगाडि भोजपुर जिल्लाको जम्मा १३ इलाका मध्ये इलाका नं. १० अन्तर्गतको जम्मा ४ वटा गा.वि.स. हरु ओखे, धोद्लेखानी, भुल्के, दलगाउँ र इलाका नं. ११ अन्तर्गतका मानेभञ्ज्याङ्ग, बैकुण्ठे, बासिखोरा मिलेर हालको रामप्रसादराई बनेको हो।

टोल/बस्ती संख्या १७७ रहेको छ यस गाउँपालिकाको केन्द्र बैकुण्ठे (चिलाउनेटार) बजार जुन भोजपुर सदरमुकाम देखि जम्मा २९.६० कि.मि. रहेको छ। राई जातिको उल्लेखिय संख्या रहेको यस गाउँपालिकामा बसोबास गर्ने अन्य मुख्य जातजातिमा क्षेत्री, ब्राह्मण, तामाङ्ग, मगर र दलितहरु रहेका छन्। पछिल्लो जनगणनाले यस गाउँपालिकामा पुरुष ८५.४८ प्रतिशत र महिला ७१.५२ प्रतिशत गरि औषतमा ७८.३८ प्रतिशत साक्षरता रहेको देखिएको छ।

## २. गाउँपालिकाको काम कर्तव्य र अधिकार।

नेपालको संविधानको अनुसूची ८ बमोजिमको स्थानीय तहको एकल अधिकार सूची र अनुसूची ९ बमोजिमको संघ, प्रदेश र स्थानीय तहको साझा अधिकार सूची तथा स्थानीय सरकार संचालन ऐन, २०७४ बमोजिम हुनेछ।

## ३. सेवा प्रदान गर्ने शाखा, जिम्मेवार अधिकारी र कार्यविवरण।

आधिकारिक सांगठनिक ढाँचा अनुसार शाखाहरुको जिम्मेवारी साथै सबैको कार्यविवरण देहायमा बमोजिम तोकिएको।

2.2.1 karya bibaran.pdf

## ४. गाउँपालिका बाट प्रदान गरिने सेवाहरु।

रामप्रसादराई गाउँपालिकाको कार्यविभाजन नियमावाली, २०७४ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले तोके बमोजिम।

## ५. कर्मचारी विवरण र दरवन्दी तेरिज

गाउँपालिकाको स्वीकृत दरवन्दी संख्या ३४ रहेको जसमा १७ जना स्थायी पदपुर्ती र ६ जना सेवा करारमा रहेको।

---

Firefox

http://10.1.22.9/pis/report/printableReport/printDarbandiTeriz.php

नेपाल सरकार
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
राष्ट्रिय किताबखाना ललितपुर
**दरवन्दी तेरिज (श्रेणी अनुसार)**

फोन : ५०१०२६८
फ्याक्स नं : ५०१०४२१
स्रोत : PIS
प्रिंट गरेको मिति : २०७८-०६-२२

**जिल्ला:** भोजपुर
**कार्यालयकोड:** २३२-०७-२०१

**कार्यालय:** रामप्रसाद राइ गाउँपालिका, भोजपुर

(1)

**रामप्रसाद राइ गाउँपालिका, भोजपुर (२३२-०७-२०१)**

| सि. नं. | पद | श्रेणी/तह | सेवा / समूह / उप समूह | स्वीकृत दरवन्दी |
|---|---|---|---|---|
| १ | हेल्थ असिस्टेन्ट | सहायक पाचौ/अधिकृत छैटौ/ | नेपाल स्वास्थ्य सेवा/हेल्थ इन्सपेक्सन | १ |
| २ | अ°सब-ईन्जिनियर | चौथो तह | नेपाल ईन्जिनियरिङ्ग सेवा/सिभिल ईन्जिनियरिङ्ग | ६ |
| ३ | सहायक | चौथो तह | नेपाल प्रशासन सेवा/सामान्य प्रशासन समूह | ५ |
| ४ | सहायक महिला विकास निरीक्षक | चौथो तह | नेपाल विविध सेवा | १ |
| ५ | खा°पा°स°टे° | चौथो तह/पाँचौं तह/ | नेपाल ईन्जिनियरिङ्ग सेवा/सिभिल ईन्जिनियरिङ्ग/स्यानिटरी | १ |
| ६ | सहायक | पाँचौं तह | नेपाल प्रशासन सेवा/सामान्य प्रशासन समूह | ७ |
| ७ | लेखा सहायक | पाँचौं तह | नेपाल प्रशासन सेवा/लेखा | १ |
| ८ | कम्प्युटर अपरेटर | पाँचौं तह | नेपाल विविध सेवा | १ |
| ९ | आन्तरिक लेखापरीक्षक | पाँचौं तह | नेपाल प्रशासन सेवा/लेखा | १ |
| १० | सवइन्जिनियर | पाँचौं तह | नेपाल ईन्जिनियरिङ्ग सेवा/सिभिल ईन्जिनियरिङ्ग | ४ |
| ११ | प्राविधिक सहायक | पाँचौं तह | नेपाल शिक्षा सेवा/जनरल शिक्षा(शिक्षा प्रशासन) | १ |
| १२ | अधिकृत | छैटौं तह | नेपाल प्रशासन सेवा/सामान्य प्रशासन समूह | २ |
| १३ | इन्जिनियर | सातौं तह/आठौं तह/ | नेपाल ईन्जिनियरिङ्ग सेवा/सिभिल ईन्जिनियरिङ्ग | १ |
| १४ | अधिकृत | सातौं तह/आठौं तह/ | नेपाल प्रशासन सेवा/लेखा | १ |
| १५ | अधिकृत | सातौं तह/आठौं तह/ | नेपाल शिक्षा सेवा/जनरल शिक्षा(शिक्षा प्रशासन) | १ |
| | | | कुल संख्या | ३४ |

**६. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र विस्तृत विवरण कार्यालयको वेभसाईटमा पनि राखिएको।**

दस्तुर र अवाधी गाउँपालिका तथा वडा कार्यालयहरुको नागरिक वडापत्रमा उल्लेख गरिएको।

**७. निर्णय गर्ने प्रक्रिया र अधिकारी।**

- वार्षिक विकास कार्यक्रम गाउँसभाले स्वीकृत गरे बमोजिम गाउँ कार्यपालिकाको कार्यालयले कार्यन्वायन गर्ने गरेको।
- अन्य निर्णयहरु प्रचलित कानून बमोजिम गाउँ कार्यपालिकाले गर्ने गरेको।
- अन्य नियमित कार्यहरु शाखा प्रमुखको सिफारिसमा प्रमुख प्रशासकीय अधिकृत र अध्यक्षबाट निर्णय हुने गरेको।

**८. निर्णय उपर उजुरी सुन्ने अधिकारी।**

अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत।

**९. सम्पादित कामको विवरण।**

**प्रधानमन्त्री रोजगारर अन्तर्गत रोजगार सेवा केन्द्र बाट संचालित आयोजनाहरु:**

१. १५ वटा आयोजनाको छनौट तथ अभिमुखिकरण कार्यक्रम सम्पन्न।

२. सम्पुर्ण योजनाहरुको सम्झौता सम्पन्न।

३. वेरोजगार तथ्याङक संकलन तथा डाटा प्रविष्टी।

**शिक्षा युवा तथा खेलकुद विकास शाखा बाट सम्पादित कामको विवरण:**

१. नियमित निकासा कार्य।

२. प्र.अ वैठक (१ पटक)

३. खेलकुद विकास समिति बैठक २ पटक।

४. राष्ट्रपती रनिङशिल्ड प्रतियोगिता सम्पन्न।

**गा.पा को कृषि विकास शाखा बाट सम्पादित कामको विवरण:**

१. कृषक सुचिकरण कार्यक्रमको सम्पन्न।

२. दैनिक प्रशासनिक कार्य।

३. ससर्त अनुदान अन्तर्गतको कार्यक्रम पकेट विकास कार्यक्रम कार्यन्वयन भईरहेको।

४. जलवायु अनुकुलन नमुना कार्यक्रम कार्यन्वयनको चरणमा।

**उद्यम विकास MEDPA अन्तर्गत सम्पादित कामको विवरण:**

१. नयाँ उद्यमि दर्ता कार्यक्रम सम्पन्न।

२. उद्यमशिलता विकास तालिम सबै वटा वडामा कार्यन्वयनको चरणमा।

३. प्रविधिक सिप विकास तालिम संचालनको क्रममा रहेको।

**परिचयपत्र तथा पञ्जिकरण सेवा केन्द्र बाट सम्पादित कामको विवरण:**

१. सामाजिक सुरक्षा वितरणको कार्यक्रम तथा दैनिक घटना दर्ता कार्य।

२. वडा बाटनै पहिलो सा.सु भत्ता वितरण। दोस्रो त्रैमासिक वितरणको चरणमा।

**पशुपंक्षी शाखा बाट सम्पादित कामको विवरण:**

१. कृषकको घरघरमा पशु उपचार सेवा कार्यक्रम सञ्चालित।

२. ससर्त अनुदान अन्तर्गतको कार्यक्रम पकेट विकास कार्यक्रम कार्यन्वयन भईरहेको।

**स्वास्थ्य शाखा बाट सम्पादित कामको विवरण:**

१. प्रत्येक स्वा.चौकीमा औषधि व्यवस्थापन तथा नियमनको कार्यक्रम।

**१०. अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत र सूचना अधिकारीको विवरण।**

- अध्यक्ष: थाम बहादुर राई
- उपाध्यक्ष: विरेन्द्र राई
- प्रख प्रशासकीय अधिकृत: सन्तोष पोखरेल
- सूचना अधिकारी: अनन्त राई

रामप्रसादराई गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बैकुण्ठ, भोजपुर
कोशी प्रदेश, नेपाल

**११. ऐन, नियम, विनियम वा निर्देशिकाको सूची।**

| क्र.स | कार्यविधिहरुको नाम |
|---|---|
| १. | गाउँ कार्यपालिका (कार्य विभाजन) नियमावली, २०७४ |
| २. | रामप्रसादराई कार्यपालिका (कार्यसम्पादन) नियमावली, २०७४ |
| ३. | रामप्रसादराई गाउँपालिकाको बैठक सञ्चालन सम्बन्धी कार्यविधि,२०७४ |
| ४. | रामप्रसादराई गाउँपालिकाका निर्णय वा आदेश वा अधिकारपत्रको प्रमाणीकरण (कार्यविधि) नियमावली, २०७४ |
| ५. | रामप्रसादराई गाउँपालिकाका पदाधिकारीहरुकोआचारसंहिता, २०७४ |
| ६. | रामप्रसादराई गाउँसभा सञ्चालन कार्यविधि(२०७४ |
| ७. | रामप्रसादराई गाउँपालिकाको आर्थिक ऐन, २०७४ |
| ८. | रामप्रसादराई गाउँपालिकाको विनियोजन ऐन —२०७४ |
| ९. | रामप्रसादराई गाउँपालिकाको प्राकृतिक विपद् उद्धार तथा राहत वितरण मापदण्ड २०७७ |
| १०. | रामप्रसादराई गाउँपालिकाको अनुगमन मुल्याङ्कन कार्यविधि, २०७४ |
| ११. | रामप्रसादराई गाउँपालिका उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन कार्यविधि, २०७४ |
| १२. | रामप्रसादराई गाउँपालिकाको राजपत्र प्रकाशन सम्बन्धी कार्यविधि, २०७५ |
| १३. | रामप्रसादराई गाउँपालिकाका कृषि व्यवसाय प्रवद्र्धन ऐन, २०७५ |
| १४. | रामप्रसादराई गाउँपालिकाको (न्यायिक समिति कार्यविधि सम्बन्धी) ऐन, २०७५ |
| १५. | अपाङ्गता भएका व्यक्तिको परिचय—पत्र वितरणकार्यविधि, २०७५ |
| १६. | आर्थिक ऐन, २०७५ |
| १७. | रामप्रसादराई गाउँपालिकाको विनियोजन ऐन, २०७५ |
| १८. | "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि, २०७५ |
| १९. | रामप्रसादराई गाउँपालिकाकामा करारमा कर्मचारी भर्ना सम्बन्धी कार्यविधि, २०७६ |
| २०. | असङ्गठित क्षेत्रमा कार्यरत श्रमिक वर्ग तथा असहायहरुलाई उपलब्ध गराइने राहत सम्बन्धी मापदण्ड, २०७६ |
| २१. | रामप्रसादराई गाउँपालिकाका कोभिड(१९ सन्दर्भमा कार्यसम्पादनजोखिम भत्ता कार्यविधि, २०७६ |

| | |
|---|---|
| २२. | रामप्रसादराई गाउँपालिकाका राजस्व परामर्श समितिको कार्य संचालन कार्यविधि, २०७८ |
| २३. | रामप्रसादराई गाउँपालिकाका बजेट तथा कार्यक्रम तर्जुमा समितिको कार्यसंचालन कार्यविधि, २०७८ |
| २४. | विनियोजन ऐन, २०७८ |
| २५ | रामप्रसादराई गाउँपालिकाको कार्य सञ्चालन निर्देशिका, २०७७ |
| २६ | गर्भवाति सुत्केरी आमाहरुलाई पोषण भत्ता उपलब्ध गराउने कार्याविधि, २०७८ |
| २७ | विपद्को कारणले जोखिममा परेका ब्यक्तीहरुलाई आर्थिक सहायता उपलब्ध गराउने सम्बन्धी कार्याविधि, २०७८ |
| २८ | सार्वजनिक खरिदमा कन्टिन्जेन्सी रकम खर्चलाई व्यवस्थित गर्ने निर्देशिका, २०७८ |
| २९ | एक शैक्षिक संस्था एक उद्यम कार्यक्रम कार्यन्वयन कार्याविधि, २०७८ |
| ३० | स्वायंसेवक शिक्षक ब्यवस्थापन कार्याविधि, २०७८ |
| ३१ | नविकरणी ऊर्जा सम्बन्धी नीति, २०७८ |
| ३२ | रामप्रसादराई गाउँपालिकाको संस्था दर्ता ऐन, २०७७ |
| ३३ | ज्येष्ठ नागरिक परिचयपत्र वितरण निर्देशिका, २०७८ |
| ३४ | स्थानीय तहको योजना प्रक्रियामा युवा सहभागिता सम्बन्धी कार्याविधि, २०७८ |
| ३५ | अपाङगता भएका व्यक्तीहरुको उपचार सहयोग अनुदान कार्याविधि, २०७८ |
| ३६ | राहत तथा उद्दार सम्बन्धी मापदण्ड, २०७५ |
| ३७ | प्राकृतिक विपद पिडित उद्धार तथा राहत वितरण सम्बन्धी मापदण्ड, २०७५ |
| ३८ | विपन्न लक्षित परिवारलाई प्रदान गरिने खाद्यन्न राहत वितरण कार्याविधि, २०७८ |
| ३९ | रामप्रसादराई गाउँपालिकाको आधारभुत तथा माध्यमिक शिक्षा ऐन,२०७९ |

**१२. गाउँपालिकाको वेभसाईट।**

**Website:** www.ramprasadraimun.gov.np

**ईमेल:** ramprasadrai.rm@gmail.com

**१३. गाउँपालिकाले यस आ.व. मा प्रदान गरेको सूचनाको विरण।**

सूचनाको हक अन्तर्गत व्यक्तिगत रुपमा आधिकारिक हिसावले माग भए बमोजिमका र दिन मिल्ने किसिमका सूचनाहरु ४ जनालाई उपलब्ध गरिएको।

शागर कुमार शाक्य.docx तारा बहादुर भण्डारी.docx

**१४. गाउँपालिकाले चालु आ.व २०७९।०८० मा गरेको महत्वपुर्ण क्रियाकलापहरुको जानकारी**

- ८ वटा कार्यापालिका बैठक बसी विभिन्न विषयमा ५६ वटा निर्णय गरेको।
- बैंक संग समन्वय गरि प्रत्येक वडा कार्यालय बाट नै सामाजिक सुरक्षा वितरण गरेको।
- सेवा प्रबाहलाई मध्यनजर गर्दै वडामा कार्यरत कर्मचारीहरुलाई ३ दिने क्षमता विकास तालिम सम्मन्न गरेको।
- योजना सम्झौता वडा कार्यालय बाट नै गरेको।

- वैङक खाता वडाकार्यालयमा नै खोल्न अभियान सुरु गरेको।
- योजना कार्यन्वयन प्रकृयालाई सहज तथा पारदर्शी बनाउन प्रत्येक वडामा योजना कार्यन्वयन सम्बन्धी सम्पुर्ण योजनाको अध्यक्ष सचिव र कोषाध्यक्ष हरुलाई तत् वडामा एकदिने अधिमुखिकरण तालिम सम्पन्न गरेको।
- गाउँपालिका बाट सम्पादित सम्पुर्ण योजना तथा कार्यक्रमहरुलाई दिर्घकालिन रुपमा सञ्चालन गर्न सहज होस साथै सम्पादित योजनाहरु दिगो र जवाफदेहि बनाउनका लागि प्रत्येक वडामा टोल विकास संस्थाको गठन सम्पन्न।
- चालु आ.व मा १०% भौतिक र ५% कार्यक्रमको प्रगति देखिएको।
- पौष २२ गते हिउदे अधिवेशन सम्पन्न गरिएको।
- सभा बाट वेरुजु सम्परिक्षण भइसकेको।
- रोजगार सेवाकेन्द्र बाट सञ्चालित १४ वटा योजना मध्ये २ वटा योजना सम्पन्न भएको।

अनन्त राई
सूचना अधिकारी

अनन्त राई
अधिकृतस्तर सातौं